अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
**ठूला करदाता कार्यालय**
**हरिहरभवन, ललितपुर**

५० १० ०५० प्र.क.प्र.
५५ ५५ ९६८
५५ ५५ ९६९
५० १० ०५२
५० १० ०४९
५० १० ०५१ फ्याक्स
Email: lto@ird.gov.np

प.सं.: २०७५।०७६ मितिः २०७६।०१।०३
च.नं.:

## प्रेस विज्ञप्ति

यस कार्यालय अन्तरगतको करदाता श्री एनसेल प्रा.लि (स्था.ले.नं. ३००३२५६९४) को ८० प्रतिशत स्वामित्वकर्ता रेनोल्डस होल्डिङ्ग, मिति २०७२।१२।२९ मा टेलिया सोनेरा कम्पनी स्वीडेनले एक्जिएटा बर्हाड मलेसियालाई बिक्री गर्दा भएको पुँजीगत लाभ रु. १,४३,६५,३७,०६,०००। (एक खर्ब त्रिचालिस अर्ब पैसट्टी करोड सैंतीस लाख छ हजार) मा मिति २०७४।०३।१३ मा शेयर विक्रेता टेलिया सोनेरा कम्पनी स्वीडेनको नाममा रु. ६०,७१,२४,९६,०९७। (अक्षरेपी साठी अर्ब एकहत्तर करोड चौवीस लाख छयानब्बे हजार सन्तानब्बे मात्र) कर निर्धारण भएको थियो ।

निर्धारित उक्त कर एनसेल प्रा.लि. बाटै असुल उपर गरिपाउँ भनी नेपाल सरकारका पूर्वसचिव श्री द्वारिका नाथ ढुङ्गेल समेतले सम्मानित सर्वोच्च अदालतमा दिनुभएको रिट नं. ०७४-WO-०४७५ उपर सम्मानित सर्वोच्च अदालतको बृहत पूर्ण इजलासबाट मिति २०७५।१०।२३ मा परमादेशको आदेश जारी भई मिति २०७५।१२।२८ मा यस कार्यालयमा उक्त आदेश प्राप्त भएको थियो ।

सम्मानित सर्वोच्च अदालतको बृहत पूर्ण इजलासबाट मिति २०७४।०३।१३ मा यस कार्यालयबाट जारी भएको कर निर्धारण आदेशमा उल्लिखित आधार र कारणहरु तथा पक्ष विपक्षबाट लिइएका जिकिरहरुसमेतलाई विवेचना गर्दै जारी भएको परमादेशको आदेशमा "मिति २०७४।०३।१३ को कर निर्धारण आदेशमा उल्लिखित कर टेलिया सोनेरा स्वीडेनलाई नलागी एनसेललाई लाग्ने हुँदा उक्त आदेशमा उल्लिखित आधार र कारणहरुसमेत हेरी र एनसेलले २०७३।०१।२६ र २०७४।०२।२१ जम्मा पूँजीगत लाभकर वापत अग्रिम रुपमा कुल रु.२१,५४,८०,५५,९००। र विलम्ब शुल्क वापत रु २०२६२३४८५१।- ठूला करदाता कार्यालयमा बुझाईसकेको देखिँदा बुझाई सकेको रकम समेतलाई दृष्टिगत गरी कर निर्धारण र कर असुल उपर गर्ने सम्बन्धमा यो आदेश प्राप्त भएको मितिले तीन महिना भित्र कानुन बमोजिम आवश्यक निर्णय गर्नु गराउनु" भन्ने आदेश भएकोमा उक्त परमादेश तथा यस कार्यालयबाट

मिति २०७४।०३।१३ मा भएको कर निर्धारणमा लिईएको आधार र कारणहरु समेतको आधारमा यस कार्यालयबाट मिति २०७६।०१।०३ को निर्णयअनुसार एनसेल प्रा.लि. ले विगतमा तिरिसेकेको अग्रिम कर रु.२१,५४,८०,५५,९००। तथा विलम्ब शुल्क वापत रु.२,०२,६२,३४,८५१।- मिलान गरी आयकर ऐन २०५८ बमोजिम देहायअनुसार कर, व्याज तथा शुल्क समेत गरी रु. ३९,०६०,६८४,८१५।७१ (उनान्चालिस अर्ब छ करोड छ लाख चौरासी हजार आठ सय पन्ध्र रुपैंया एकहत्तर पैसा मात्र) कर निर्धारण गरी उक्त कर रकम ७ (सात) दिनभित्र दाखिला गर्न आयकर ऐन २०५८ को दफा १०२ बमोजिम संशोधित कर निर्धारणको सूचना आज मिति २०७६।०१।०३ मा जारी गरिएकोमा उक्त सूचना एनसेल प्रा.लि. ले आजैको मितिमा बुझेको व्यहोरा जानकारीको लागि यो विज्ञप्ति मार्फत सार्वजनिक गरिएको छ ।

एनसेल प्रा.लि. को कर निर्धारण

| सि.नं. | विवरण | रकम रु. |
|---|---|---|
| १. | आयकर ऐन, २०५८ बमोजिमको २५ प्रतिशतले हुने कर रु | ३५,९१,३४,२६,५००। |
| २. | ऐ. ऐनको बमोजिमको शुल्क | १८,३३०,७३६,७२३।८३ |
| ३. | ऐ. ऐनको बमोजिमको व्याज (२०७६ बैशाख सम्म हिसाब गरिएको) | ८,३९,०८,१२,३४२।८८ |
| | जम्मा | ६२,६३,४९,७५,५६६।७१ |
| | दाखिला गरेको कर तथा विलम्ब शुल्क | २३,५७,४२,९०,७५१। |
| | दाखिला गर्नुपर्ने बाँकी कर | ३९,०६,०६,८४,८१५।७१ |